न त रोग आफैँ सर्छ, न कुनै अशुभ शकुन हुन्छ, न 'हामा' (उल्लू अशुभ हुने विश्वास) को कुनै प्रभाव हुन्छ, न 'सफर' महिना अशुभ हुन्छ, र कुष्ठरोगीबाट यसरी टाढा भाग जसरी सिंहबाट भाग्छौ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "न त रोग आफैँ सर्छ, न कुनै अशुभ शकुन हुन्छ, न 'हामा' (उल्लू अशुभ हुने विश्वास) को कुनै प्रभाव हुन्छ, न 'सफर' महिना अशुभ हुन्छ, र कुष्ठरोगीबाट यसरी टाढा
भाग जसरी सिंहबाट भाग्छौ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले इस्लामपूर्वका केही गलत कुराहरूविरुद्ध चेतावनी दिनुभएको छ, किनकि हरेक कुरा अल्लाहको हातमा छ र उहाँको आदेश र इच्छा बिना केही हुँदैन। ती कुराहरू निम्न छन्: पहिलो: जाहिलीयत (इस्लाम पूर्व) का मानिसहरू रोग आफैँ संक्रामक हुन्छ भन्ने विश्वास गर्थे। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कुनै पनि रोग एक बिरामीबाट अर्कोमा आफैँ सर्छ भन्ने विश्वासलाई निर्मूल पार्नुभयो। किनभने ब्रह्माण्डको व्यवस्थापन गर्ने अल्लाह हुनुहुन्छ; उहाँको आदेशले रोग लाग्छ र उहाँले नै निको पार्नुहुन्छ, र उहाँको इच्छा र आदेश बिना केही हुँदैन। दोस्रो: जाहिलीयत (इस्लाम पूर्व) का मानिसहरू यात्रा वा व्यापारको लागि निस्कदा चरालाई उडाउने गर्दथे । यदि चरा दायाँ तिर उड्यो भने शुभ ठानेर त्यो काम गर्थे र यदि बायाँतिर उड्यो भने अशुभ ठानेर फर्कने गर्थे । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले चराहरूबाट लिएको यो अशुभ मान्ने आस्थालाई निषेध गर्नुभयो र यो मिथ्या विश्वास हो भनेर स्पष्ट पार्नुभयो । तेस्रो: जाहिलीयत (इस्लाम पूर्व) का मानिसहरू भन्थे: यदि कुनै घरमा उल्लू चरा आएर बस्छ भने घरका बासिन्दाहरूलाई विपत्ति आइलाग्नेछ; नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो अशुभ आस्थालाई निषेध गर्नुभयो । चौथोः नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हिजरी महिनाको दोस्रो महिना "सफर" लाई अशुभ मान्ने कुरा प्रति रोक लगाउनुभयो। केही विद्वानहरू अनुसार 'सफर' भनेको पेटमा हुने एक प्रकारको सर्प हो, जसबाट पशुधन र मानिसहरू संक्रमित हुन्छन्, र तिनीहरूको मान्यताअनुसार यो 'जरब' (लुतो) भन्दा पनि बढी सङ्क्रामक हुन्छ; नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यस प्रकारका विश्वास र आस्थाहरूको खण्डन गर्दै यिनलाई अमान्य ठहर गर्नुभयो। पाँचौँ, उहाँले कुष्ठरोग लागेका व्यक्तिबाट सिंहबाट भागेजस्तै टाढा रहन आदेश दिनुभयो। यसो गर्नु आफ्नो सुरक्षाप्रति सावधानी, आफ्नो रक्षा र अल्लाहले आदेश दिनुभएका माध्यमहरूलाई अपनाउनु हो। कुष्ठरोग भनेको यस्तो रोग हो जसले मानिसका अङ्गहरूलाई खाइदिन्छ।

http://sunnah.global/hadeeth/ne/show/3407